

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३१३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर २६ गते सोमबार ❑ 12 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## समाजमा अनुशासनका लागि खेलकुद अपरिहार्य–मन्त्री पौडेल

पोखरापत्र संवाददाता

पोखरा, २५ मंसिर

निजी विद्यालयहरुको छाता संगठन प्याब्सन कास्कीद्वारा आयोजित १७ औं प्याब्सन स्पोर्टस मिटको औपचारिक उद्घाटन सम्पन्न भएको छ ।

पोखरा रंगशालामा आइतबार आयोजित एक भव्य समारोहका विच संघिय सरकारका शिक्षा, विज्ञान तथा प्रविधी मन्त्री देवेन्द्र पौडेलले उद्घाटन गरेका छन् । उद्घाटन कार्यक्रमलाई सम्वोधन गर्दै मन्त्री पौडेलले समाजमा अनुशासनका लागि खेलकुद अपरिहार्य रहने कुरामा जोड दिए । उनले भने-'जसरी शिक्षा बिना समाज विकासको परिकल्पना गर्न सकिंदैन त्यसरी नै समाजमा अनुशासन कायम गर्ने संगै स्वास्थ्यका लागि समेत खेलकुदको विकास आवश्यक छ।'




मुलुकको अग्रगामी बिकासका लागि शिक्षाको सुधार आवश्यक रहेको बताउँदै, विशेष गरी उच्च तहका शिक्षण संस्थाहरु थप जिम्मेवारी बहन गर्न आवश्यक रहेको उनले औंल्याए । शिक्षा संगै शिपको विकास र अध्ययन लाई रोजगार संग जोड्नु पर्ने बताउँदै मन्त्री पौडेलले भोलीका कर्णधार हरुको भविष्य सुनिश्चित गर्न तिनै तह गर्न शिक्षण पद्धतीलाई सुधार गर्नु पर्ने बताए । उनले भने-' शिक्षाको विकासका लागि सबैको सहकार्य, सहयोग र हातेमालोको आवश्य छ ।' शिक्षण संस्थाहरुमा तालावन्दी गर्ने र बन्द गर्ने जस्ता कुराहरुलाई रोक्न आग्रह गर्दै कानुनमा कुनै अवरोध भए त्यसको समाधान गर्न सरकार गम्भिर भएर अघि बढ्ने मन्त्री पौडेलले बताए । सबै नगरिकहरु जिम्मेवार भए नेपाली शिक्षण संस्थाहरु सुधार गर्ने अभियानमा साथ र सहयोग गर्न पनि उनले जोड दिंदै उनले नेपाली शिक्षण संस्था विरुद्ध भइरहेका अनर्गल प्रचार बन्द गन समेत आग्रह गरे । 'सबै मिलेर नै नेपालको शिक्षामा सुधार ल्याउन सकिन्छ त्यसका लागि सबै निजी शिक्षण संस्थाहरु समेत एक जुट भएर अघि बढ्न म आह्वान गर्दछु', उनले भने ।

प्याब्सन कास्कीका अध्यक्ष मथुरा प्रसाद पौडेलको अध्यक्षतामा भएको उद्घाटन समारोहमा, गण्डकी प्रदेश सभाका नवनिर्वाचित सांसद बेद बहादुर गुरुङ, पोखरा विश्वविद्यालयका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जनप्रियलाई विश्वविद्यालय बनाउन चाहान्छु : थापा

पोखरापत्र संवाददाता

पोखरा, २५ मंसिर

गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्री माननीय विन्दुकुमार थापाले आफ्नै वडाको क्याम्पसमा सभासद् र सल्लाकार भएकाले छिटोभन्दा छिटो मानित विश्वविद्यालय भएको हेर्न आतुर रहेको बताए ।

जनप्रिय बहुमुखी क्याम्पसको ३१ औं वार्षिकोत्सवका अवसरमा प्रमुख आमन्त्रित थापाले विश्वविद्यालयका लागि आवश्यक जग्गा, भौतिक पूर्वाधार, भवन निर्माणका लागि आफू र प्रदेशसभा प्रतिवद्ध रहेको जनाए । थापाले दुईपटकसम्म मुलकभरिकै उत्कृष्ट सामुदायिक क्याम्पस र गुणस्तर सुनिश्चितताको प्रमाणपत्र पाएको जनप्रिय क्याम्पसको क्वालिटीमा शङ्का गर्ने ठाउँ नै



छैन् । शैक्षिक गतिविधि अब्बल र उत्कृष्ट रहेकाले विद्यार्थीको बढ्दो आकषर्णलाई ध्यान दिई दक्ष जनशक्ति उत्पादनमा प्राविधिक र सिपमुलक शिक्षा दिन आग्रह गरे । क्याम्पसका पूर्व अध्यक्ष तथा सल्लाहकार परशुराम बरालले क्याम्पसले देखेका सपना साकार बनाउन र रूपान्तरणका लागि पुराना चिज छोडेर नयाँ कार्यक्रम लागु गर्न नेतृत्व सक्षम हुनुपर्ने धारणा राखे । जनप्रिय बहुमुखी क्याम्पसलाई मानित विश्वविद्यालय बनाउन सरोकारवालाहरूको भूमिका कस्तो हुनुपर्छ भन्ने विषयमा उपप्राध्यापक देविलाल शर्मा तिमिल्सिनाले प्रस्तुति राखेका थिए भने प्रा.डा.इन्द्रप्रसाद तिवारीले टिप्पणी गरेका थिए । क्याम्पस प्रमुख लोकराज

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राष्ट्रिय राजनीतिको चाबी माओवादीसँग छ : अध्यक्ष दाहाल

रासस

काठमाडौं, २५ मंसिर

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालको राष्ट्रिय राजनीतिको चाबी माओवादीसँग भएको बताउनुभएको छ ।

प्रेस सेन्टर नेपालद्वारा आइतबार ललितपुरमा आयोजित केन्द्रीय पदाधिकारीको पहिलो बैठकलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले मुलुकलाई सही दिशातर्फ लैजाने अभिभारा माओवादीसँग रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "माओवादी त्यस्तो राष्ट्रिय शक्ति हो जसलाई हिसाबकिताब नगरी अन्तर्राष्ट्रिय शक्तिले पनि केही गर्न सक्दैन ।" माओवादीलाई निमिट्यान्न पार्न धेरै शक्ति लागेको बताउँदै उहाँले यसको रक्षा गर्ने दायित्व हामी सबैको भएको जनाउनुभयो । "सरकारमा आलोपालो हुने भन्ने कुरा स्पष्ट नै छ," उहाँले भन्नुभयो, "६० सिटको कमान्ड गर्ने स्थिति माओवादीसँग छ । हामी जहाँ उभिएका छौं सरकार त्यही बन्छ ।" यो निर्वाचन अपेक्षित नभएको बताउनुभएका उहाँले खतम भएको देख्न चाहने शक्तिले माओवादीलाई कमजोर बनाउन खोजे पनि स्थिति त्यस्तो नभएको जनाउनुभयो । अन्तर्राष्ट्रिय गतिविधिको राम्रोसँग विश्लेषण गरी बहुध्रुवमा गएको विश्व परिघटना र अहिलेको जनमतलाई सही ढङ्गले बुझ्न र मुलुकलाई नयाँ शिराबाट लैजान प्रेस सेन्टरले महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा उहाँले जोड दिनुभयो। अध्यक्ष प्रचण्डले माओवादी आन्दोलनका उपलब्धिहरूको रक्षा र संस्थागतका लागि सूचना तथा सञ्चारमाध्यमबाट मिडिया विषयवस्तु बनाएर त्यसको सही बजारीकरण गर्नसमेत आग्रह गर्नुभयो । प्रेस सेन्टर नेपालका संस्थापक अध्यक्ष महेश्वर दाहालले प्रविधिको जति विकास भए पनि सही सामग्री उत्पादन प्रधान कुरा रहेको बताउनुभयो ।

## सहकारीहरुलाई लक्षित गरी कोपोमिस र सम्पत्ति शुद्धिकरण सम्बन्धी तालिम शुरु


पोखरापत्र संवाददाता

पोखरा, २५ मंसिर

गण्डकी प्रदेशमा सञ्चालित सहकारीहरुलाई लक्षित गरी कोपोमिस र सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी तालिम सञ्चालनका लागी प्रदेश स्तरिय प्रशिक्षक प्रशिक्षण कार्यक्रम आइतबारदेखि पोखरामा शुरु भएको छ ।

नेपाल सरकार भुमि ब्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग नयाँ बानेश्वरले केन्द्रीय सहकारी संघ संस्था संगको साझेदारीमा आयोजना गरिएको उक्त तालिम आगामी मंसिर २७ गते सम्म पोखरामा सञ्चालन हुनेछ ।

कार्यक्रमको उद्घाटन गर्दै सहकारी रजिष्टारको कार्यालय गण्डकी प्रदेशका प्रदेश रजिष्टार रमेश घर्तीले सहकारी तथा गरिबी सम्बन्धी ब्यवस्थापन सूचना प्रणाली (कोपोमिस)ले सहकारीहरुलाई कानुनी हिसावले कडी लगाउने काम गर्ने वताए । सहकारीहरु अझैपनि कानुनी दायरामा आउन नसकिरहेको अवस्थामा कोपोमिस प्रणालिले सहरकारीहरुलाई कानुनी दायरामा ल्याउन सजिलो बनाउने वताउदै सहकारी संचालकहरुले कोपोमिस प्रणाली र सम्पत्ति सुद्धिकरणमा अझैपनि ध्यान नदिदा सहकारी संस्थामा समस्या उत्पन्न भइरहेको वताए। गण्डकी प्रदेश भित्र सञ्चालनमा रहेका सहकारीहरुलाई पालिका संग सहकार्य गरि कोपोमिस तालिम सञ्चालनलाई अभियानका रुपमा सञ्चालन गर्न सके सहकारीहरु सुद्धिकरण भएर जाने वताउदै घर्ती मगरले सहकारी अभियानमा देखिएका बिकृति, समस्या र चुनौतिहरुलाई सामना गर्न सम्पूर्ण एकजुट भएर लाग्नुपर्नेमा जोड दिए । सहकारीमा देखिएका समस्याहरुलाई हल गर्नका लागी आफु र आफ्नो कार्यालय तत्पर रहेको भएतापनि यसमा मुख्य गरी जिल्ला सहकारी संघहरुको मुख्य भुमिका रहने घर्तीको भनाइ रहेको थियो। नेपाल सरकार भुमि ब्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी बिभाग नयाँ बानेश्वर काठमाडौका इन्जिनियर राजन पाण्डेले सहकारीहरुलाई दायरामा ल्याउनका लागि कोपोमिस र सम्पत्ति सुद्धिकरण निवारण सम्बन्धी प्रदेश स्तरिय प्रशिक्षक प्रशिक्षण तालिमको आयोजना गरेको वताए। तालिममा गण्डकी प्रदेशका मनाङ र मुस्ताङ बाहेकका ९ वटा जिल्लाका जिल्ला सहकारी संघका प्रतिनिधीहरुको सहभागीता रहेको र तालिमबाट कोपोमिस प्रणालि र सम्पत्ति सुद्धिकरण निवारण सम्बन्धि जानकारी लिई आफ्ना मातहतमा रहेका सहकारीहरुलाई समेत उक्त तालिम प्रदान गर्ने उद्देश्य लिइएको पाण्डेले वताए। सहकारीमा मनोमानी गर्ने र नाममात्रैको सहकारीहरुलाई हेर्ने दृष्टीकोणमा फरक बनाइ त्यस्ता ब्यवस्थालाई निर्मुल पार्नु आजको आवश्यक्ता रहेको वताउदै सम्पूर्ण सहकारी संघमा कार्यरत कर्मचारीहरुले त्यसप्रति ध्यान दिन जरुरी रहेको उनको भनाइ रहेको थियो । सो अवसरमा वोल्दै जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष सावित्रा कोइरालाले सहकारी संघ हरुले कोपोमिस प्रणालीमा सहकारीहरुलाई आवद्ध गराउनमा कार्यक्रममा सहभागीता जनाएका हरुले उल्लेख्य भुमिका खेल्नुपर्नेमा जोड दिइन । सहकारीको मुल मन्त्रलाई सहकारीहरुले आत्मसाथ गर्न नसक्दा अहिलेपनि सहकारीहरुले विभिन्न बाधा अड्चन ब्येहोर्नुपरेको उनको भनाइ रहेको थियो ।

# सकियो ७ औं पर्वतीय महोत्सव

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ मंसिर**

अन्तर्राष्ट्रिय दिवसको अवसरमा आयोजना भएको ७ औं पर्वतीय महोत्सवमा आइतबार सकिएको छ। नेपाल पर्वतरोहण संघ र अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयले आयोजना गरेको महोत्सव दुई दिन चलेको हो।

दोस्रो दिन महोत्सवमा 'वुमन मुभ माउन्टेन', 'सगरमाथा आधार शिविर व्यवस्थापन', पर्वतीय पर्यटनको अवस्था र चुनौतीलगायत विषयबारे बहस भएका थिए। महोत्सवको अन्तिम दिन एभरेस्ट बेसक्याम्प व्यवस्थापन विषयमा अन्तरक्रिया कार्यक्रम भएको थियो। सो सेसनमा दर्शक तथा सरोकारवाला निकायको सुझावपछि बेस पर्वतारोहण संघका अध्यक्ष निमा निरु शेर्पाले क्याम्पको समस्या दिर्घकालीन रुपमा समाधान गर्नका लागि अध्ययन भएको जानकारी समेत दिए। 'अहिले हामीलाई सगरमाथा बेसक्याम्प सार्न कार्यक्रम गरेको आरोप लागिरहेको छ। त्यस्तो होइन, हामी त्यसैलाई कसरी व्यवस्थापन गर्ने विषयमै केन्द्रित छौं,' उनले भने। अन्तरक्रिया कार्यक्रममा मिलन तामाङले जुगल हिमालको विषयमा प्रस्तुति दिएका थिए। जुगल हिमाल काठमाडौंबाट नजिक रहेपनि बेवास्तामा परेको उनको भनाइ थियो। 'छोटो छुट्टिट भएकाहरुलाई जुगल हिमाल ट्राेगेट गर्दा निकै पोटेन्सियल देखिन्छ।




प्रचारप्रसारको काम अझै बाँकी छ। काठमाडौँबाट जम्मा केही मिटर पर छ। तरपनि त्यो छायाँको रुपमा देखिएको छ,' उनले भने, 'सिन्धुपाल्चोकमा रहेको हिमाल छायाँमा परेको हुनाले हामीले केही समय अघिदेखि यसबारे अध्ययन गर्‍यौं। त्यसपछि पनि हामीले निरन्तर काम गर्दै आयौं।'

यस्तै 'वुमन मुभ माउन्टेन'नाराका विषयमा पनि अन्तक्रिया कार्यक्रम भएको थियो। पोखराका विभिन्न कलेजमा अध्ययनरत पाँच जना छात्रालाई वक्ताको रुपमा बोलाइएको थियो। संयुक्त राष्ट्र संघले यसवर्षको पर्वतीय दिवसलाई 'वुमन मुभ माउन्टेन'को नारा सहित मनाउने निर्णय गरेको हो। सोही विषयमा वक्ताका रुपमा आएका वर्षा गुरुङ, रोशनी शाही, सरुना केसी, शोभा पुन र सिर्जा तन्दुकरले आफनो विचार राखे। हिमाली क्षेत्रमा पर्यटन व्यवसाय धानेका महिलाको उदाहरण दिँदै सरुना केसीले हिमाली क्षेत्र जोगाउने कार्यभार महिलाले पनि गर्न सक्ने बताइन्। 'हिमाली क्षेत्रमा पर्यटक जाँदा साँझ सांस्कृतिक कार्यक्रम गरेर संस्कृति जोगाउने महिला हुन्। पर्यटकलाई आवश्यक भएको लजिङ रर फुडिङको व्यवस्थापन गर्ने उनै महिला हुन्,' सुरुनाले भनिन्, 'पछिल्लो समय रोजगारीका कारण पुरुषहरु बाहिर जाने क्रम बढी छ। हिमाली क्षेत्रमा संस्कृति जोगाउँदै महिलाहरु बसिरहनुभएको छ।'

हिमाली क्षेत्रका विषयलाई प्राथमिकतामा राख्दै आयोजना भएको महोत्सवमा विभिन्न कार्यक्रम समावेश गरिएको थियो। छेलो हान्ने प्रतियोगितादेखि अन्तरविद्यालय चित्रकला प्रतिस्पर्धा राखिएको थियो। छेलो हान्ने प्रतियोगितामा प्रथम हुँदै रोहित सुनारले २५ हजार र प्रमाणपत्र जितेका छन्।

यस्तै दितियमा किरण सुनारले १० हजार र तृतीयमा बादल गुरुङले ५ हजार नगद प्राप्त गरेका छन्। अन्तरविद्यालय चित्रकला प्रतिस्पर्धामा कुमुदिनी होम्सकी अभिषना पालिखे प्रथम भएकी छिन्। दोस्रोमा सिर्जना विद्यालयका लक्ष्मण पौडेल र तेस्रो कृपा गुरुङ भएकी छिन्।

महोत्सवमा भाग लिएका विद्यार्थीदेखि हिमाली क्षेत्रको परिकार प्रर्दशनमा राख्ने सबैलाई अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयकी निमर्ला न्यौपानेले धन्यवाद दिएकी छन्। 'महोत्सवमा उपस्थिती भएर सफल बनाउने सबैलाई धन्यवाद। पर्वतीय दिवसको अवसरमा हरेक वर्ष आयोजना हुने महोत्सव भव्यतका साथ सम्पन्न भएकोमा खुशी लागेको छ,' उनले भनिन्, 'पर्वतीय दिवसको नारा जस्तै र अघि भर्खर प्यानलमा वक्ताहरुले भने जस्तै हिमाल संरक्षणको लागि महिलाको भूमिका महत्वपूर्ण छ।'

यस्तै संघका सल्लाहकार डा. गणेश गुरुङले पर्वतीय महोत्सवले हिमाली क्षेत्रबारे ज्ञान दिन मद्दत गर्ने बताए। महोत्सवको सिजन छ पोखरामा यतिबेला। जसमध्ये सबैभन्दा राम्रो र ज्ञानपूर्ण महोत्सव पर्वतीय महोत्सव रहेको बताउँछन् गुरुङ। 'हाम्रो यो महोत्सव पोखराका महोत्सव भन्दा फरका। पहिलो यहाँ हामी शूल्क लिँदैनौ। यो आम्दानीको लागि होइन। यो महोत्सव ज्ञान बाड्नको लागि हो। यसले हिमाली क्षेत्रको विषयमा महोत्सवमा आउने व्यक्तिलाई धेरै विषयमा सिकाउँछ,' डा. गुरुङले भने।

# मिस तामाङको तालिम शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ मंसिर**

मिस तामाङ पोखराको तालिम शुरु भएको छ। बैदाम तामाङ समाज पोखराले हरेक वर्ष पोखरामा आयोजना गर्ने प्रतियोगिताको शनिबारबाट सहभागीहरुलाई तालिम दिन शुरु गरिएको हो। २८५९ औ सोनाम ल्होसारको अवसरमा आयोजना गरिएको मिस तामाङ पोखराको यो सातौं संस्करण हो।

तालिममा २० जना तामाङ समुदायको युवतीहरुको सहभागिता रहेको कार्यक्रम संयोजक राम लामाले बताउनुभयो। युवाहरुलाई आफ्नो मौलिक भाषा, भेषभुषा, संस्कार र संस्कृतिको बारेमा जानकारी गराई आफ्नो समुदाय प्रति प्रेम जगाउनका लागि कार्यक्रमलाई निरन्तरता दिन लागेको तालिमको शुभारम्भको अवसरमा बोल्दै आयोजक बैदाम तामाङ्ग सेवा समाजका अध्यक्ष



ज्याक तामाङ्गले बताउनुभयो। शुभारम्भ कार्यक्रमका प्रमुख अतिथी तामाङ्ग घेदुङ्ग का पूर्व अध्यक्ष धनप्रसाद तामाङ्गले युवापुस्ता मात्रै होइन अभिभावक पनि भाषा र संस्कार जोगाउन सचेत बन्नु पर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले जन्म देखि मृत्यु सम्म तामाङ्ग समुदायको आफ्नै मौलिक संस्कार रहेको भन्दै यसबारे मा नयाँ पुस्ता जानकार हुनपर्नेमा जोड दिनुभयो। कार्यक्रममा नेपाल तामाङ्ग घेदुङ्ग सिम्पानीका अध्यक्ष गंगा तामाङ्ग, नेपाल तामाङ्ग घेदुङ्ग पोखरा महानगरका अध्यक्ष रामबहादुर तामाङ्ग (शिवु ब्लोन), मिस तामाङ्ग पोखरा २०२२ का विजेता मान्सी तामाङ्ग, रनरअप पेमा तामाङ्ग, आरजे होल्डिङ्ग रियल स्टेटका प्रबन्ध निर्देशक राजु केसी, रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जका स्टेशन म्यानेजर सन्जय मल्ल लगायतले बोल्नुभएको थियो। पहिलो दिनको प्रशिक्षण नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष दीपेन्द्र श्रेष्ठले प्रदान गर्नुभएको थियो। ३५ दिन सम्म चल्ने प्रशिक्षणमा तामाङ्ग जातीको भाषा, संस्कृति, रहनसहन तथा परम्पराका साथै व्यक्तित्व विकास र नेतृत्व विकासका तालिम प्रदान गरिने कार्यक्रमका संयोजक राम लामाले जानकारी दिनुभयो।

प्रतियोगितामा पोखरा पुम्दीभुम्दीका मनिषा तामाङ्ग, योगितामाया तामाङ्ग, नारेश्वरकी निशा तामाङ्ग, नदिपुरका खुसी बम्जन, कृतिका तामाङ्ग, फुलबारीका सुप्रिया तामाङ्ग, सेदीका रोश्मा तामाङ्ग, जुना तामाङ्ग, प्रिती तामाङ्ग, लेकसाइडका आकृति ब्लोन, मियापाटनका रसिला तामाङ्ग, रिठेपानीका रेनुका तामाङ्ग, न्युरोडका विकिता तामाङ्ग, लामागाउँका सुमित्रा तामाङ्ग, बगालेटोलका लक्ष्मी तामाङ्ग, अर्विना तामाङ्ग, विजयपुरका विपना तामाङ्ग र जिरोकिलोमिटरका जिना थिङ्ग सहभागी छन्।

# जनप्रियलाई...

भण्डारीले क्याम्पसको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै जेएमीले शैक्षिक गुणस्तर कायम राख्न अनुसन्धान र प्रकाशनमा जोड दिने प्रतिवद्धता सहित ५ वर्षे रणनीतिक योजना अनुरुप मानित विश्वविद्यालय बनाउन लागेको बताए। पुस्तकालयलाई आधुनिक र प्रविधिमैत्री बनाउँदै ५० हजारभन्दा बढी विषयगत पुस्तक राखिएको क्याम्पसबाट उत्पादित ८ सय ८८ दक्ष जनशक्तिको ट्यासर स्टडी गरिएको छ। त्रिविबाट सम्बन्धन लिएर विएस्सी सिएसआइटीका कार्यक्रम चलाउन दरखास्त बुझाएको भण्डारीले उल्लेख गरे। विश्वविद्यालय अनुदान आयोगबाट गुणमापन तथा प्रत्ययानको प्रमाणपत्र प्राप्त क्याम्पसले स्वयत्त कार्यक्रम अन्तर्गत स्नातकतह पर्वतीय पर्यटन व्यवस्थापन र एमविए इन हस्पिटालिटी म्यानेजमेन्ट चलाइरहेको छ। क्याम्पस प्रमुख भण्डारीले गरिब तथा जेहन्दार, पिछडिएका क्षेत्रबाट आउने विद्यार्थीलाई १० प्रतिशत छात्रावृत्ति सुविधा छुट्याएको क्याम्पसले चालु आर्थिक वर्षका लागि २४ करोड ९६ लाख ४० हजार ५ सय ५५ रुपैयाँ ७५ पैसाको अनुमानित बजेट तर्जुमा गरेको जानकारी दिए।

वार्षिकोत्सव कार्यक्रममा पूर्व अध्यक्ष तथा सल्लाहकार दामोदर चालिसे, सिनेटर मात्रिकाराज घिमिरे, पूर्व क्याम्म्स प्रमुख विरञ्जी गौतम, सन्तोष अधिकारी, वेदहरि तिमिल्सिना, विद्यार्थी संघसंगठनका प्रतिनिधि कमला परियार, सागर पौडेल, सागरप्रसाद शर्मा, निर्भिकविक्रम पौडेल लगायतका वक्ताहरूले शुभकामना मन्तव्य राख्दै क्याम्पसलाई केन्द्रमा राखेर यसको मर्मअनुसार अगाडि बढ्न जोड दिएका थिए। अध्यक्ष तारा गिरीले आफू र धर्मपत्नी ज्ञानु गिरीको नामबाट स्थापना गरेको 'ज्ञानतारा अक्षय कोष' बाट उत्कृष्ट कार्यसम्पादन गरेका उपप्राध्यापक नारायणप्रसाद अधिकारी र कर्मचारी देवी पनेरुलाई नगद, कदरपत्र र दोसल्ला आढाएर सम्पान गरेका थिए। संस्थापक क्याम्पस प्रमुख गणेशमान पालिखेको स्मृतिमा स्थापित पुरस्कारबाट मङ्गलबहादुर गुरुङ सम्मानित भएका छन्। सृजना विकास केन्द्रले स्थापना गरेको 'सृजना विकास केन्द्र उत्कृष्ट पुरस्कार' केन्द्रका अध्यक्ष कृष्णबहादुर थापाले कक्षा १२ मा उत्कृष्ट अङ्क ल्याएकी छात्रा दावा साङ्मो शेर्पालाई हस्तान्तरण गरेका थिए। क्याम्पसमा विभिन्न संस्था तथा व्यक्तिद्वारा स्थापित अक्षयकोषबाट उत्कृष्ट शैक्षिक नजिता ल्याउने विद्यार्थीलाई छात्रावृत्तिको नगद रकम र प्रमाणपत्र हस्तान्तरण गरिएको थियो। त्यस्तै अतिरिक्त क्रियाकलाप अन्तर्गत भलिवल, ब्याडमिन्टन, रस्साकसी, बास्केटबल, टेवुलटेनिस, नृत्य, हाजिरीजवाफ, कविता, निबन्ध, वक्तृत्वकला, बुद्धिचाल प्रतियोगिताका बितेजालाई प्रमाणपत्र, शिल्ड, मेडल, नगद पुरस्कार प्रदान गरिएको थियो।

प्रात र दिवा सत्रमा ५ हजारभन्दा बढी विद्यार्थी अध्ययन गर्ने जनप्रिय क्याम्पसले देशभरिका १ हजार ९६ सामुदायिक क्याम्पस मध्ये २०७२ र २०७३ मा शिक्षामन्त्रालयबाट उत्कृष्ट क्याम्पसको पुरस्कार पाइसकेको छ। विश्वविद्यालय अनुदान आयोगको छनौटमा परेको जेएमसीले दुई पटक गुणमापन तथा प्रत्ययानको प्रमाणपत्र पाएर गुणस्तर सुनिश्चितताको कसीमा अब्बल ठहरिएको छ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष तारा गिरीको सभापतित्वमा भएको कार्यक्रममा उपाध्यक्ष बीरबहादुर अधिकारीले स्वागत मन्तव्य राखेका थिए। धन्यवाद ज्ञापन सञ्चालक समितिका सदस्य नम्रता बरालले गरेकी थिइन। सहायक क्याम्पस प्रमुख रमेशबहादुर खड्का र शिलु चालिसेले कार्यक्रम सञ्चालन गरेका थिए।


# समाजमा...

उपकुलपति प्रो.डा प्रेम नारायण अर्याल, प्याब्सन स्पोर्टस मिटकी संयोजक उमा लामिछाने, नेपाल पत्रकार महासंघ कास्कीकी अध्यक्ष बिमला भण्डारी लगायतले अनुशासन र कृयाशिलताका लागि खेलकुद अपरिहार्य रहने बताएका थिए। उद्घाटन अवसरमा कास्की प्याब्सन संग आवद्ध ५२ विद्यालयहरुले मार्च पास गरेका थिए। उक्त मार्च पासमा रेन्वो एकेडेमी होम्स पहिलो भएको छ। त्यसै गरी मेरी गोल्ड दोश्रो, पोखरा लनर्स तेश्रो स्थान हात पार्दा हाभर्ड मावि, हिल पोइन्ट मावि, ढुङ्गेसाँघु मावि तथा विन्ध्येश्वरी माविले सान्त्वना स्थान प्राप्त गर्न सफल भएका छन्। आइतबार नै सम्पन्न एथलेटिक्स प्लस टु छात्र १५०० मिटर दौडमा करुणानिधीका बिबेक परियार प्रथम, प्रतिभा सेकेण्डरी होम बहादुर अधिकारी द्वितिय र सृजना सेकेण्डरीका सन्दिप श्रेष्ठ तृतिय भएका छन्। प्लस टु ८०० मिटर छात्रातर्फको दौडमा स्नो भ्यू माविकी पार्वती श्रेष्ठ प्रथम, बेथानीकी रोमिना गुरुङ द्वितिय र प्रतिभा सेकेण्डरीकी ऐरिना पुर्जा तृतिय हुन सफल भए।

ए थ ले ि ट क स त प र्‍ क ा विजेता खेलाडीहरुलाई गण्डकी प्रदेश सांसद बेद बहादुर गुरुङ, प्याब्सनका केन्द्रिय उपाध्यक्ष कृष्ण केसी, केन्द्रिय सदस्य प्रेम प्रसाद शर्मालगायतले मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए। प्याब्सन स्पोर्टस मिट अन्तर्गत प्लस टु छात्र भलिबलतर्फ आइतबार ८ खेल सम्पन्न भएको भलिबल संयोजक नविन बरालले जानकारी दिएका छन्। सम्पन्न प्रतियोगिता गुरुकुलले प्रतभालाई २-० को सोझो सेटमा पराजित गर्दा पोखरा पव्लिकले एक्स आर्मीलाई २-० ले, पश्चिमाञ्चलले ताराकुञ्जलाई २-० ले, सृजनाले कुमुदिनीलाई, माउन्ट अन्नपूर्णले बेथानीलाई, टप्सले सबलाइमलाई, केफले गोल्डन नेचरलाई २-० को सोझो सेटमा पराजित गरेका छन् भने हाभर्डले भास्करलाई २-१ को सेटमा पराजित गर्न सफल भएको छ। प्रतियोगिता अन्तर्गत कक्षा ११ र १२ का विद्यार्थीहरूका बिच छात्र/छात्रा भलिबल, छात्र/छात्रा बास्केटबल, छात्र तथा छात्रा एथलेटिक्स जस्ता इभेन्टहरूमा ७७१२ भन्दा बढी विद्यार्थीहरूले प्रत्यक्ष रूपमा प्रतिस्पर्धा गर्ने र दैनिक ११ हजारभन्दा बढी विद्यार्थी अभिभावक र अन्य दर्शकहरूले अवलोकन गर्ने प्यावसन कास्कीले जनाएको छ। प्रतियोगिता अन्तर्गत भलिवल छात्रातर्फ १९, छात्रतर्फ १८ टिम, टेवुल टेनिस सिंगल्स छात्रतर्फ ४१ जना, छात्रातर्फ १९, टेवुल टेनिस छात्र डवल्सतर्फ ३९ र छात्रातर्फ १६ टिमको सहभागिता रहनेछ। त्यसैगरी ट्रायक एण्ड फिल्ड एथलेटिक्सतर्फका विभिन्न इभेन्टस्मा छात्रतर्फ ६५, छात्रातर्फ ५३ जनाको सहभागिता हुने प्रतियोगिताकी संयोजक तथा प्याब्सन कास्कीकी वरिष्ठ उपाध्यक्ष उमा लामिछानेले जानकारी दिएकी छन्। कक्षा ११-१२ प्लस टु अन्तर्गत एथलेटिक्स छात्रतर्फ १५ र छात्रातर्फ ८ विद्यालयको सहभागिता रहेको छ। कक्षा ११-१२ छात्र भलिवलतर्फ १६, छात्रातर्फ ८, बास्केटबल कक्षा १-१० सिनियर छात्रतर्फ १७ र छात्रातर्फ ६ टिमको सहभागिता हुनेछ। १७ औं प्याब्सन स्पोर्टस सञ्चालन गर्न करिव ५० लाख खर्च हुने अनुमान रहेको कास्की प्याब्सनले जनाएको छ। प्याब्सन कास्कीमा कास्की जिल्लाका १ सय २ वटा निजी तथा आवासीय विद्यालयहरू सदस्यका रूपमा आवद्ध रहेका र संस्थामा आवद्ध विद्यालयहरूमा ७५ हजार भन्दा बढी विद्यार्थी र ७ हजार ३ सय भन्दा बढीको संख्यामा शिक्षक कर्मचारीहरू कार्यरत रहेको सचिव पुष्पराज पराजुलीले बताए।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

- स्वटेमार्डन

## सम्पादकीय

# काम चलाउ सरकारको नाङ्गो नाच

काम चलाउ शेर बहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले सत्ता समीकरणसँग जोडेर अध्यादेश ल्याउने निर्णय गरेको छ । मुलुकी फौजदारी संहिता संशोधन गरी मुद्दा फिर्ता लिन सहज हुनेगरी अध्यादेश ल्याउने मन्त्रिपरिषद्ले निर्णय गरेको छासरकारको निर्णय नयाँ बन्न लागेको संसद्को कार्यक्षेत्रमाथि हस्तक्षेप भएको छ। सरकार निर्माणमा नागरिक उन्मुक्ति र जनमत लगायतका पार्टीहरु निर्णायक बन्ने भएपछि सरकारले उनीहरुका सर्त पुरा गर्न अध्यादेश ल्याउन लागेको छ । सरकारको यो निर्णयले विधिको शासनको उलङ्घन र संविधानमाथि ठाडो हस्तक्षेप भएको संविधानविद्को भनाइ छ । 'एउटा सरकारको आयू सिद्धिए्र नयाँ संसद्को निर्वाचन भइसकेपछि नियमित अधिवेशन बोलाएर विधेयक ल्याउनुपर्नेमा संक्रमणकालको सरकारलाई यस्तो खालको अध्यादेश ल्याउने वैधता, अधिकार र हकदैयाा हुँदैन । त्यसकारणले पनि यो असंवैधानिक छ'।

संविधानतः तत्काल नगरी नहुने विषयमा मात्रै अध्यादेश जारी हुन सक्दछ । यो तत्काल नगरी नहुने विषय होइन । 'नागरिकताको विषयमा यसअघि सर्वोच्च अदालतको संवैधानिक इजलासले यसै कारण अन्तरिम आदेश जारी गरेर रोकेको थियो' ।,' नागरिकता विधेयक तत्काल नल्याइ नहुने हैन यो नियमित प्रक्रिया हो भनेको थियो । यो नियमित प्रक्रिया नभएकाले असंवैधानिक छ ।' कानुनको प्रयोग गरेर स्थापित भैसकेको फौजदारी दायित्वलाई मिनाहा दिने भन्ने सुहाउने होइन । सजाय भईसकेकोलाई माफी मुल्तवीको व्यवस्था राष्ट्रपतिबाट हुने गरेको छ । तर राजनीतिको व्यवस्थापनका लागि भनेर गरिएको निर्णयलाई अड्डा अदालतले स्वीकार गर्न सक्दैन । नयाँ निर्वाचन भएको अवस्थामा सरकारले यस्तो निर्णय गर्नु गलत हुने संविधानविद्का भनाइलाई गंभिरताका साथ लिनुपर्छ ।'नयाँ निर्वाचन भएको छ नयाँ म्यान्डेट छ, कानुन बनाउने भए हाउसबाट पारित गरेर बनाउनु पर्नेहुन्छ ।'

सरकारले ल्याउन लागेको यो अध्यादेशले नागरिक उन्मुक्ति पार्टीका सल्लाहकार रहेका रेशम चौधरी र उनीसहित टिकापुर घटनामा मुछिएका व्यक्तिहरु लगायत छुट्न सक्छन् । अहिले नागरिक उन्मुक्ति, जनमत पार्टी र नेत्रविक्रम चन्द नेतृत्वको नेकपाका कार्यकर्ता विभिन्न मुद्दामा कारागारमा छन् । नयाँ सरकारका गठनमा सहयोग गर्नका लागि अहिले नागरिक उन्मुक्ति र जनमत पार्टीले सत्तागठबन्धनसँग मुद्दा फिर्ता र बन्दी रिहाईको सर्त राखिरहेका छन् । उनीहरुका सर्तलाई सम्बोधन गर्न सरकारले अध्यादेश ल्याउने निर्णय गरेको हो । यस्तो अध्यादेश राष्ट्रपतिबाट जारी भएपछि कार्यान्वयनमा आउनेछ । सरकारले देवानी फौजदारी संहिता कार्यविधिमा व्यवस्था थप्न लागेको छ । हाल रहेको व्यवस्थामा निश्चित किसिमका अपराधमा संलग्नलाई कुनै पनि कानुनले माफी दिन नमिल्ने व्यवस्था छ । अध्यादेश मार्फत संशोधन गर्न लागिएको व्यवस्थामा कुनै घटनामा संलग्न राजनीतिक व्यक्तिहरुलाई माफी दिने व्यवस्था गर्न लागिएको छ ।

अध्यादेशले गर्न लागेको व्यवस्था भविष्यमा कायम नहुने गरी अहिले जेलमा रहेका राजनीतिमा आबद्ध कैदीबन्दीहरुका लागि मात्र छा नेकपा एमाले विभाजन गर्न संसद अधिवेशन अन्त्य गरेर अध्यादेश ल्याएको जस्तै रेशम र सिके राउतको पार्टीका लागि मात्र अध्यादेश ल्याएको स्पष्ट भएको छ । व्यक्तिलाई केन्द्रित गरेर ल्याउन खोजिएको छ । जुन गलत अभ्यास हो ।' व्यक्तिविशेषलाई लक्षित गरेर संसारमा कुनै कानुन बन्दैन । व्यक्ति विशेषलाई लक्षित गरेर कानुन ल्याउन लागिएको हो भने संविधानवाद र विधिको शासन माथिको ठाडो उलंघन हो । यो सरकारले संविधानलाई जाँदाजाँदै ठाडै उल्लंघन गरेको हो ।' हालको सत्तागबन्धनसँग नयाँ सरकार बनाउनका लागि आवश्यक बहुमत छैन । सरकार बनाउनका लागि १३८ सांसदको समर्थन चाहिन्छ । सत्तागठबन्धनमा आबद्ध दलहरुले जनमत र नागरिक उन्मुक्ति पार्टीको समर्थन लिनको लागि भएको स्पष्ट छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | मन चञ्चल | तुला | मानसिक तनाव |
| वृष | सहयोग मिल्नेछ | वृश्चिक | शारीरिक झमेला |
| मिथुन | सत्कार मिल्नेछ | धनु | व्यापारमा लाभ |
| कर्कट | सम्मान मिल्नेछ | मकर | शत्रुको भय |
| सिंह | अप्रत्यसित लाभ | कुम्भ | झमेला बढ्ने |
| कन्या | आर्थिक समस्या | मीन | कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मोरक्को र अर्जेन्टिना विश्वकप फुटबलको सेमिफाइनलमा

रासस

काठमाडौं, २५ मंसिर

फिफा विश्वकप फुटबल २०२२ मापोर्चुगललाई पराजित गर्दै मोरक्को सेमिफाइनलमा प्रवेश गरेको छ ।

कतारको दोहास्थित अल थुमा रङ्गशालामा शनिबार भएको क्वार्टरफाइनल खेलमा पोर्चुगललाई १-० गोलअन्तरले पराजित गर्दै अफ्रिकी राष्ट्र मोरक्को सेमिफाइनलमा पुगेको हो । मोरक्को सेमिफाइनलमा पुग्ने तेस्रो टोली बनेको छ । यसअघि क्रोएसिया र अर्जेन्टिना सेमिफाइनलमा पुगिसकेका छन् ।

मोरक्कोका लागि खेलको ४२औं मिनेटमा युसुफ एन नेसरीले गरेको गोल निर्णायक बन्यो । मोरक्को दोस्रो हाफको अतिरिक्त समयमा १० खेलाडीमा सीमित बनेको थियो । अतिरिक्त समयको तेस्रो मिनेटमा मोरक्कोका वालिद चेदिरा दोस्रो पहेँलो कार्डपछिको रातो कार्ड पाएर मैदान बाहिरिएका थिए ।

यसैगरी क्वार्टरफाइनलमा इङ्गल्याण्डलाई पराजित गर्दै फ्रान्स सेमिफाइनलमा प्रवेश गरेको छ ।

कतारको अल वयात रङ्गशालामा गए राति भएको खेलमा फ्रान्सले इङ्गल्याण्डलाई २-१ गोलअन्तरले पराजित गऱ्यो । खेलको १७ औं मिनेटमा फ्रान्सका लागि अउरेलियन टकउमेनीले गोल गर्दै अग्रता दिलाएका थिए । खेलको ५४ औं मिनेटमा इङ्गल्याण्डका लागि ह्यारी केनले गोल गर्दै खेल बराबरीमा ल्याए पनि ५८ औं मिनेट ओलिभर गिराउण्डले गोल गरेपछि खेल फ्रान्सले जितेको थियो । फ्रान्स सेमिफाइनलमा मोरक्कोसँग खेल्नेछ ।

# जेसिजकप फुटबलको उपाधि शारदा माविलाई

पोखरापत्र संवाददाता

म्याग्दी, २५ मंसिर

म्याग्दी सदरमुकाम बेनीमा शनिबार सम्पन्न २० औं अन्तरमावि जेसिजकप फुटबल प्रतियोगिताको उपाधि शारदा मावि छिसबाङ्ले हात पारेको छ।

फाइनलमा बेनीको प्रकाश माविलाई एकका विरुद्ध दुई गोल गर्दै मङ्गला गाउँपालिका-५ मा रहेको शारदा माविले पहिलोपटक जेसिजकपको उपाधि जितेको हो । यसै वर्षमात्रै कक्षा १० को पठनपाठन सुरु गरेको शारदा माविले गत वर्षदेखि मात्रै जेसिजकपमा सहभागिता जनाएको थियो । बेनीको खुलामञ्चमा भएको फाइनलको पहिलो हाफमा प्रकाश माविले एक गोल गर्दै शारदा माविलाई दबाबमा राखेको थियो । दोस्रो हाफमा लयमा फर्किएका शारदा माविका खेलाडीले दुई गोल गरी प्रकाश माविलाई एक गोलमै रोकेपछि जेसिजकपको उपाधि चुमेका हुन् । प्रतियोगितामा विजेता शारदा माविका खेलाडीलाई जेसिजकप रनिङ शिल्ड, ट्रफी, मेडल र प्रमाणपत्रसहित नगद रु ५२ हजार दुई सय २२ र उपविजेता प्रकाश माविका खेलाडीलाई ट्रफी, मेडल र प्रमाणपत्रका साथमा नगद रु ३२ हजार दुई सय २२ पुरस्कार प्रदान गरिएको छ ।

कार्यक्रममा नेपाल जेसिजका राष्ट्रिय अध्यक्ष लालमणि भण्डारी, पूर्व राष्ट्रिय अध्यक्ष धनञ्जयकुमार श्रेष्ठ, म्याग्दी जेसिजका शाखा अध्यक्ष सन्दीप खत्री, संस्थापक अध्यक्ष एवं बेनी नगरपालिका-७ का वडाध्यक्ष रमेशकुमार श्रेष्ठ, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दिनेश केसीलगायतले विजेता र उपविजेता खेलाडीलाई पुरस्कार प्रदान गर्नुभएको थियो ।

फाइनल खेलमा शारदाका सिमन सिउथानी उत्कृष्ट खेलाडी घोषित हुँदा उत्कृष्ट गोलरक्षकको पुरस्कार शारदाकै देवेन्द्र पुर्जाले हात पारे । प्रतियोगितामा प्रकाश माविका रिजन पुनले सर्वाधिक गोलकर्ता र उत्कृष्ट मिडफिल्डरको पुरस्कार पाउन सफल भए भने प्रकाश माविकै सुमन पुन उत्कृष्ट डिफेन्डर र सन्देश तामाङ उत्कृष्ट स्ट्राइकर बन्न सफल भए । प्रतियोगितामा केबी एकेडेमीका दीक्षित पुन राइजिङ प्लेयर, बालमन्दिर आधार भूत विद्यालयका शिक्षक बिर्सना चोखाल उत्कृष्ट कोच र केबी एकेडेमी अनुशासित टिमको रूपमा पुरस्कृत भएका छन् ।

प्रतियोगितामा उत्कृष्ट खेलाडी, गोलरक्षक, डिफेन्डर, स्ट्राइकर, मिडफिल्डर, प्रशिक्षक, सर्वाधिक गोलकर्ता तथा राइजिङ प्लेयरलाई विभिन्न अवार्डबाट नगद रु दुई हजार पाँच सयको साथमा ट्रफी, मेडल र प्रमाणपत्रसहित पुरस्कृत गरिएको छ भने अनुशासित टिमलाई नगद रु सात हजार सात सय ७७ को साथमा प्रमाणपत्रद्वारा पुरस्कृत गरिएको छ ।

गत मङ्सिर २१ गतेदेखि सुरु भएको प्रतियोगितामा जिल्लाका विभिन्न १८ विद्यालयले सहभागिता जनाएका थिए । म्याग्दी जेसिजले हरेक वर्ष आयोजना गर्ने यस प्रतियोगितालाई यस वर्ष गौमती खत्री विकास कोषले मुख्य प्रायोजकको रूपमा आर्थिक सहयोग गरेको थियो । 'जेसिजकप फुटबल म्याग्दीको शान-प्रतिभाको पहिचान र क्षमता प्रस्फुटन' भन्ने मूल नाराका साथ सञ्चालन गरिएको प्रतियोगितामा कक्षा १० सम्मका विद्यार्थीले सहभागिता जनाएका थिए ।

# कोरिया र युएई यू-१८ रग्बी च्याम्पियन

रासस

काठमाडौं, २५ मंसिर

नेपालले पहिलोपटक आयोजना गरेको यू-१८ एसियाली रग्बी सेभेन्स च्याम्पियनशिपमा दक्षिण कोरिया र संयुक्त अरब इमिरेट्स (युएई) च्याम्पियन बनेका छन् । दक्षिण कोरिया पुरुष तथा युएई महिलामा पहिलो भएका हुन् ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको पुरुष फाइनल खेलमा दक्षिण कोरियाले युएईलाई २१-१७ स्कोरले पराजित गर्दै पहिलो भएको हो । त्यसअघि आजै भएको सेमिफाइनलमा दक्षिण कोरियाले मलेसियालाई १९-७ तथा युएईले भारतलाई ३६-० ले हराउँदै उपाधि भिडन्त पक्का गरेका थिए । एसिया रग्बीको आयोजना तथा नेपाल रग्बी सङ्घको व्यवस्थापनमा भएको उक्त प्रतियोगितामा मलेसिया तेस्रो भयो । मलेसियाले भारतलाई ३६-६ ले पाखा लगायो । पुरुषकै प्लेटफर्म चाइनिज ताइपेईले थाइल्याण्डलाई १९-० ले पन्छाउँदै पहिलो भयो ।

# जगत कल्याण दुग्ध प्रशोधन केन्द्रको दोस्रो सार्वजनिक सुनुवाईसँगै उत्पादित वस्तु बजारमा

पोखरापत्र संवाददाता

पोखरा, २५ मंसिर



पोखरा महानगरपालिका वडा न ३० स्थित पशु तथा कृषि सेवा केन्द्रको सभाहलमा जगत कल्याण दुग्ध प्रशोधन केन्द्र सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

सार्वजनिक सुनुवाईसँगै जगत कल्याण दुग्ध प्रशोधन केन्द्रको उत्पादित वस्तु बजारमा पनि आएका छन् । सार्वजनिक सुनुवाइ कार्यक्रममा कृषक, महिला,स्थानीय व्यक्ति,पत्रकार तथा शेयरसदस्यहरुलाई दुग्ध प्रशोधन केन्द्रमा जडित यन्त्र तथा उपकरण,चारपाङ्ग्रे सवारी साधन लगायत केन्द्र परिसरको भौतिक संरचनाहरुको आयोजनाको उप आयोजना संचालन मार्गदर्शन अनुसार खरिद गरी जडित आधुनिक प्लान्टहरु द्वारा उत्पादित दुग्धजन्य पदार्थहरुको गठबन्दन बजारीकरण मार्फत स्थानीय उपभोक्ता तथा तनहुँ, लम्जुंग लगायतका जिल्लाहरुमा कल्याण ब्रान्डका दुग्ध पदार्थहरु बिक्रीवितरण गरिएको जानकारी दिएका थिए । वडा न.३० का वडाध्यक्ष दुर्गा प्रसाद सुवेदीले असल कर्मले मानिसलाई र समाजलाई अग्रगामी लैजाने प्रेरणा दिने बताए । उनले उपभोक्ताहरुको मागलाई ध्यान दिएर सम्बोधन गर्नुपर्ने बताए । महानगर कृषि समितिका अध्यक्ष संयोजक रबि रमण तिवारीले दूध पदार्थ बजारीकरण गर्न आफ्नो ठाउँ बाट सहयोग गर्ने बताउदै सहकारिसँगा सहकार्य गर्न उत्सुक रहेको बताए । उनले गौसेवा मानव सेवा नै समाज सेवा भएकोले कसैले संस्थामा रहेर स्वार्थ लिन खोज्ने मान्छेसँग बच्नुपर्ने बताए । अध्यक्ष कलाधर ओफाको अध्यक्षतामा भएको कार्यक्रममा सचिव कृष्ण प्रसाद ओफाले आयोजनासँग सहकार्य गरी दुग्ध प्रशोधन केन्द्रद्वारा स्थानिय जनशक्तिलाई रोजगार दिनुको साथै आयोजना सम्झौतामा उल्लेख भए बमोजिमका मेसिन उपकरण तथा सवारी साधनको विधि र प्रक्रिया पुऱ्याएर खरिद गरिएको र उत्पादन गर्दा चाहिने कच्चा पदार्थहरुको खरिद उप समितिद्वारा वस्तुको आपुर्ति गरी कास्की, तनहुँ र लम्जुङमा सेवा विस्तार गरिएको जानकारी सहित लागत र खर्चका विवरणहरु प्रस्तुत गरेका थिए । कोषाध्यक्ष शिव भुजेलले संस्थाका गतिविधि तथा आयोजना सञ्चालन सम्बन्धि जानकारी गराएका थिए । पशु तथा कृषि सेवा केन्द्रको सभाहलमा भएको सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित कृषक शेयरधनी, महिलाहरुले उठाएका जिज्ञासाहरुको व्यवस्थापक, सचिव र कोषाध्यक्षले प्रष्ट पारेका थिए ।

लाइभस्टक इन्नोभेसन आयोजना विकेन्द्रीकरण सहयोग एकाईका वगिरथी कार्की , लेखनाथ उद्योग बाणिज्य संघका कोषाध्यक्ष भरतराज ओफा , शेयरसदस्य रामजी प्रसाद न्यौपाने लगाएतले स्थनीय किसानबाट संकलन गरिएको दूधलाई आफ्नै प्रसोधन केन्द्रमा अत्याधुनिक मेसिन उपकरणहरु ल्याएर प्रसोधन गरी आम उपभोक्ताहरुको मागलाई सम्बोधन गर्नुको साथै मौलिक उत्पादनले किसानको हौशला समेत बढाउने बताएका थिए ।

# बारीमै कुहिन थाल्यो अदुवा

पोखरापत्र संवाददाता

तनहुँ, २५ मंसिर

बजारमा अदुवाको माग घटेपछि किसान कम मूल्यमा बिक्री गर्न बाध्य भएका छन् ।

बारीमै अदुवा कुहिन थालेपछि कम मूल्यमा नै बिक्री गर्न बाध्य भएको तनहुँको भिमाद नगरपालिका-४ रजिडाँडाका अदुवा कृषक तुलबहादुर राना बताउनुहुन्छ । "अदुवा निकाल्ने समय भएको छ । अदुवाको माग खासै आएको छैन । कुहिनुभन्दा कम मूल्यमा बिक्री गर्न थालेका छौँ", उहाँले भन्नुभयो । गत वर्ष अदुवाको माग नभएपछि बिक्री गरिएको थिएन । यस वर्ष पनि माग नआएको उहाँ बताउनुहुन्छ । "बारीमै कुहिनुभन्दा कम मूल्यमै बेच्न थालेका छौं । विगत दुई वर्षदेखि धानीको रु दुई सयदेखि रु दुई सय ५० सम्ममा बिक्री गर्दै आएका थियौं । यसपटक बढ्नुपर्ने बेलामा भन्नु घटेर बेच्न बाध्य छौं । यस वर्ष धानीको रु एक सयमा बेच्दैछौं", उहाँले भन्नुभयो, "लगानी नै उठ्दैन यसपटक ।"

बीउबिजन महँगो मूल्यमा किन्नुपर्ने र बिक्री कम मूल्यमा गर्दा किसान मर्कामा परेका कृषक राना बताउनुहुन्छ । मुख्यतः अदुवाको खपत भारतीय बजारमा हुने र भारतबाट माग नआएपछि अदुवा बिक्रीमा समस्या भएको उहाँको भनाइ छ । "अदुवा बारीमै कुहिने, सुके भएपछि निकाल्न थालिएको छ । अलि बढी पानी भएमा पनि कुहिने समस्या आउँछ", उहाँले भन्नुभयो । कृषक रानाले वार्षिकरूपमा सात सय धार्नी अदुवा उत्पादन गर्नुहुन्छ । यसपटक अलि कुहिएकाले छिटो निकालिएको उहाँ बताउनुहुन्छ । यस क्षेत्र अदुवा पकेट क्षेत्र हो । उक्त क्षेत्रका प्रत्येक किसानले एक सयदेखि नौ सय धार्नीसम्म अदुवा उत्पादन गर्ने गरेका उहाँले बताउनुभयो । रजिडाँडाका मात्रै २५ घरधुरीले अदुवा उत्पादन गर्दै आएका छन् । सो स्थानका कृषकले समूह बनाएर अदुवा खेती गर्दै आएका छन् । गत वर्ष उत्पादन गरिएको बीउ शुक्लागण्डकी नगरपालिकाका लागि अदुवाको बीउ निर्यात गरिएको उहाँ बताउनुहुन्छ । बिक्री नभएका अदुवाको सुठो बनाएर बिक्रीका लागि बजारमा पठाइने कृषक रानाले बताउनुभयो । माघ र फागुनसम्म अदुवा निकाल्न मिल्ने र चैतमा बीउ रोपण गर्ने समय हो ।

भिमाद साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष नारायण खनालले अदुवा प्रशोधन बिक्रीका लागि बजार खोजी गर्ने गरेको बताउनुभयो । गत वर्ष करिब २८ मेट्रिक टन बुटवलको प्रशोधन केन्द्रमा प्रशोधन गरी बिक्रीका लागि तयार रहेको उहाँ बताउनुहुन्छ । गत वर्ष प्रतिकेजी रु ४० मा खरिद गरी प्रशोधन केन्द्रमा लगिएको उहाँले जानकारी दिनुभयो । यस वर्ष प्रतिकेजी रु २८ मा खरिद गर्ने बताउँदै आएको उहाँ बताउनुहुन्छ । "नेपालमा आफैँले उत्पादन गर्ने प्रचलन छ । निर्वाहमुखी खेतीले पुग्छ र किसानले उत्पादन गरेका अदुवा भारतीय बजारमा नै बिक्री हुने हो । कम अदुवा बिक्रीका लागि लैजाने हुँदैन । धेरै उत्पादन छैन यसले गर्दा बजारको समस्या भएको हो", अध्यक्ष खनालले भन्नुभयो, "केही भने यहीको बजारमा खपत हुन्छ ।"

कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख एवं वरिष्ठ कृषि विकास अधिकृत कुलप्रसाद तिवारीले कृषकले उत्पादन गरेको वस्तुको बजार सिर्जना गर्ने कार्यमा स्थानीय सरकारले भूमिका खेल्नुपर्ने बताउनुभयो । तीन तहको सरकारले बजारको व्यवस्थापन गर्न भूमिका खेलेमा कृषि प्रधान देशको भनाइलाई सार्थक बनाउन सकिने उहाँले बताउनुभयो । "विश्वमा पूर्णरूपमा आयातित वस्तु उपभोग गर्ने देश छन् । ती देशसँग समन्वय, सहकार्य गरी व्यापारिक सम्बन्ध कायम गरी देशको आर्थिक समृद्धिलाई प्रमुख बनाउने भूमिकामा देशका मुख्य-मुख्य राजनीतिक दल र तीन तहको सरकारले समन्वय गर्न सके छिटो समृद्ध नेपाल बनाउन सहयोग पुग्नेछ", उहाँले भन्नुभयो । कृषि क्षेत्रलाई नेपालको प्रमुख पेशा मानिए पनि बजारको अभावले कृषि पेशाबाट कृषक विमुख भएको पाइन्छ । यस पेशामा युवालाई टिकाउने र स्वदेशमा नै उत्पादन वृद्धि गरी आयातभन्दा निर्यातलाई प्रोत्साहन गर्न सरकारले नै कदम चाल्नुपर्ने अवस्था रहेको छ ।

यसैगरी अदुवाको बजार मूल्य र बजार पाउन समस्या भए पनि तनहुँमा अदुवा उत्पादन वृद्धि भएको छ । गत वर्षको तुलनामा यस वर्ष अदुवा उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ । उत्पादनको क्षेत्रफल घट्दो छ । अदुवाको बजार पाउन समस्या भएको छ । तर उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख तिवारीले बताउनुभयो । उहाँका अनुसार तनहुँमा आर्थिक वर्ष २०७७/७८ मा पाँच सय १२ हेक्टर क्षेत्रफलमा सात हजार पाँच सय ४० मेट्रिक टन अदुवा उत्पादन भएको थियो । आर्थिक वर्ष २०७८/७९ मा पाँच सय १७ हेक्टर क्षेत्रफलमा सात हजार छ सय २२ मेट्रिक टन अदुवा उत्पादन भएको तिवारीले जानकारी दिनुभयो । कृषिमा लगानी वृद्धि गरी इलेक्टिक प्रशोधन गरी बिक्रीका लागि अन्तर्राष्ट्रिय बजारको व्यवस्थापन गर्न सके कृषकको आकर्षण बढ्ने उहाँको भनाइ छ । प्रतिकेजी रु ६० का दरले बिक्री गर्दा तनहुँबाट रु ४५ करोडको अदुवा बिक्री वितरण हुने गरेको उहाँले बताउनुभयो । किसानले रु ६० का सयमा धार्नी बेच्नुपर्ने परिस्थितिले भने कम हुने उहाँको भनाइ छ ।

# पुषको दोस्रो साता छोम्रोङमा ‘सेन्चुरी ल्होसार मेला’

पोखरापत्र संवाददाता
पोखरा, २५ मंसिर



अन्नपूर्ण गाउँपालिका -११ छोम्रोङमा सेन्चुरी युवा क्लबले २१ औं सेन्चुरी ल्होसार मेला आयोजना गर्ने भएको छ।

तमु समुदायको पर्व ल्होसारको अवसरमा आगामी पौष १० गतेदेखि १४ गतेसम्म ल्होसार मेला आयोजना गरिने क्लबका अध्यक्ष मिकास गुरुङले जानकारी दिए । उनले साँस्कृतिक जगर्नेसहित संरक्षण र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित विगत लामो समयदेखि ल्होसार मेला सञ्चालन गर्दै आएको बताए । ‘हामीले विगत लामो समयदेखि ल्होसार मेला गर्दै आएका छौ, उनले भने, ‘यो वर्षपनि पुषको १० गतेदेखि मेला राखेका छौ। यसले पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउने विश्वास लिएका छौं।’ उनका अनुसार सो मेलामा भलिबल प्रतियोगिता, बास्केटबल प्रतियोगिता, थ्री अन थ्री बास्केटबल प्रतियोगिता, ठेलो हान्ने, रस्साकस्सी, घैटो फुटाउने, म्युजिकल चियर लगायतका प्रतियोगिता समावेश गरिएको छ। उनले पुरुष भलिबल तथा बास्केटबल विजेता टिमलाई ५० हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने बताए । गुरुङका अनुसार दोस्रो र तेस्रो हुने टिमले क्रमशः ३० हजार र १८ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने ‘थ्री अन थ्री’ पुरुष बास्केटबल तर्फ विजेताको टिमले २५ हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र र द्वितीय हुनेले १५ हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने छन् । प्रतियोगितामा सहभागिता जनाउन भलिबल र बास्केटबलको लागि ५ हजार दर्ता शुल्क निर्धारण गरिएको छ भने ‘थ्री अन थ्री’ पुरुष बास्केटबलको लागि ३ हजार दर्ता शुल्क तोकिएको छ।

मेलालाई थप आकर्षक बनाउन विभिन्न साँस्कृतिक कार्यक्रमसहितअन्नपूर्ण व्याण्डले लाइभ कन्सर्ट गर्ने आयोजकले जनाएको छ।

# बाराही मन्दिर पुन:निर्माण गरिँदै

–ऋषिराम बराल
पोखरा, २५ मंसिर (रासस)

विश्वकै पर्यटकीय क्षेत्र पोखराको लेकासाइड । त्यसैमा थप सुन्दरता र धार्मिक आस्थाको केन्द्र फेवातालको बीचमा अवस्थित बाराही भगवतीको मन्दिर। स्वदेशी तथा विदेशी भक्तजनको मन्दिरमा दर्शन र पूजाआजा गर्न दैनिक रुपमा भीड लाग्ने गर्छ। पोखराकै प्रसिद्ध मानिने बाराहीदेवीको मन्दिर विसं २०७२ को भूकम्पले तीन इन्च दक्षिण तर्फ कोल्टिएपछि पुनःनिर्माण गर्नुपर्ने देखिएसँगै पुनःनिर्माणको कार्यलाई अघि बढाइएको छ।

फेवातालको बीचभाग अर्थात् पानीको बीचभागको ढिस्कोमा मन्दिर भएकै कारण मन्दिर ढल्किँदा झनै जोखिम देखिएको छ। जोखिम बढ्दै गएपछि ढल्किएको मन्दिर पुनःनिर्माणका लागि बाराही मन्दिर व्यवस्थापन समिति र पुरातत्व विभागले पुनःनिर्माणका लागि काम अगाडि बढाइसकेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष हिक्मतबहादुर कुँवरले जानकारी दिनुभयो।

भूकम्पकै कारण मन्दिर छेउमा रहेका दुई गोदाम कोठाको दक्षिणतर्फको भाग दबेपछि केही वर्ष पहिले नै ती कोठा भत्काएर हटाइसकिएको छ। विसं २०१७ मा तत्कालीन राजा महेन्द्रले अहिलेको स्वरूपमा मन्दिर निर्माण गर्नुभएको थियो । पुरातत्व विभागको प्रत्यक्ष संलग्नतामा मन्दिर पुनःनिर्माण गर्न लागिएको हो। मन्दिर पुन :निर्माण सम्पन्न गर्न रु एक करोड ४० लाख लाग्ने अध्यक्ष कुँवरले जानकारी दिनुभयो । प्यागोडा शैलीमै कालीगढ मगाएर वर्तमानस्वरुपमै मन्दिर पुनःनिर्माण गरिने अध्यक्ष कुँवरले बताउनुभयो । मन्दिर पुनःनिर्माण गर्न पुरातत्व विभाग र मन्दिर व्यवस्थापन समितिबीच यसै हप्ताभित्र सम्झौता गरिने जानकारी अध्यक्ष कुँवरले दिनुभयो।

मन्दिर पुनः निर्माणका लागि पुरातत्व विभागले रु २५ लाख र मन्दिर व्यवस्थापन समितिले रु एक करोड १५ लाख जुटाउने सम्झौतामा उल्लेख छ । मन्दिर पुनःनिर्माणका लागि आवश्यक पर्ने रकममध्ये मन्दिरको कोषमा अहिले रु ६५ लाख रहेको र अपुग रकम पोखरा महानगरपालिका तथा अन्य सहयोगदातासँग सङ्कलन गरिने व्यवस्थापन समितिले जनाएको छ । मन्दिर पाँच महिनाभित्र नै पुनः निर्माण गरिसक्ने बताइएको छ । कास्कीका तत्कालीन राजा कुलमण्डन शाहले सर्वप्रथम खरको झुप्रो बनाइ मन्दिर स्थापना गर्नुभएको बताइन्छ। यस मन्दिरको अस्तित्व विसं १६६९ देखि कायम रहिआएको छ । कतैकतै विसं १४४७ देखि अस्तित्वमा रहेको भन्ने अभिलेखपनिपाइन्छ।प्राचीनकालमा माटोको ढिस्कामा एउटा शिला थियो त्यहीँ मन्दिर स्थापना गरी बाराहीका रूपमा पूजिन थालिएको मन्दिरका पुजारी परशुराम पहारीले सुनाउनुभयो। सबै धर्मका व्यक्तिले मन्दिरमा प्रवेश पाउँछन्। पर्यटकीय नगरी पोखरास्थित यो मन्दिर कास्कीका घुम्नै पर्ने ठाउँको सूचीमा अग्रपङ्क्तिमा आउँछ। त्यस कारण मन्दिरमा पर्यटकको घुइँचो लागिरहन्छ। माछापुच्छ्रे हिमालको छायाँ फेवातालमा परेको मन्दिरबाट मनोरम दृश्य देखिन्छ । कोजाग्रत पूर्णिमालगायत अन्य धार्मिक पर्वमा यहाँ मेला लाग्दछ। पहिले पानीले नढाकिएको अवस्थामा यो मन्दिर रहेको थियो । तालबाराही मन्दिर व्यवस्थापन समिति सल्लाहकार तथा स्थानीय ७७ वर्षीय रमेशबहादुर भट्टराईले अग्रज पूर्खाको भनाइअनुसार परापूर्वकालमा फेवाताल भएको ठाउँमा बस्ती रहेको बताउनुभयो । एक दिन बेलका एक वृद्ध जोगी बास माग्दै आए त्यो बस्तीमा। कसैले बास नदिएपछि उनी एक वृद्धाकामा पुगे। बृद्धाले बास बस्न दिइन। तर, खान भने ढुटोको रोटी मात्रै भएको सुनाइन । वृद्ध जोगी तयार भएर त्यही खाएर सुते।

घरबाहिरै सुतेका जोगीले बिहान हिँड्नु अगाडि वृद्धालाई भन्यो, “यो गाउँ चाँडै जलमग्न हुनेछ। तपाइँ भने अग्लो ठाउँमा चाँडै जानु।” जोगी हिँडेको केही समयमा आवाज आयो। आवाज सँगै पानी बढेर आयो। बस्तीमा पानी आउन थाल्यो । जोगीको सल्लाहअनुसार वृद्धा अग्लो ठाउँमा गएर बाचिन । फेरि एक दिन विशाल वर्षा आयो। वर्षा पछिको डुबानले मूर्ति बगाएर अहिलेको मन्दिर भएको ठाउँमा ल्यायो । तालको बीचमा टापु बनेको र त्यहीँ मन्दिर स्थापना गरिएको इतिहास पनि निकै रोचक छ। कास्कीका राजा कुलमन्डन शाहलाई मूर्ति स्थापना गरी पुज्नु भन्ने सपना आयो। कुलमन्डनले सपनाअनुसार मूर्ति स्थापना गरेर पूजा गर्न राज्यकै तहबाट लाउनुभयो। क्रमशः विकास हुँदै मन्दिर अहिलेको अवस्थामा आएको हो । त्यहीँ ढिस्कोमा तालबाराही देवीको शिला राखि पूजिँदै आएको किंबदन्ती छ।

फेवाताल २३ दशमलव ३० मिटर गहिराइ र चार दशमलव ४६ किलोमिटर लम्बाइ तथा दुई किलोमिटर चौडाइको छ । त्यही तालको एक धेरै पुरानो मन्दिर तालबाराही भगवतीको मन्दिर हो। यसमा पूजाआजाको प्रारम्भ विसं १४६७ बाट भएको हो भने विसं १८६८ बाट नृत्य पूजाआजा सुरु भएको हो । सामान्य अवस्थामा रहेको मन्दिरलाई झुप्रोबाट उठाउन तत्कालीन राजा महेन्द्रले विसं २०१७ मा सुरु गर्नुभएको थियो । विसं २०१७ मा राजा महेन्द्रले अहिलेको स्वरुपमा मन्दिर निर्माण गरिदिएपछि यसले थप चर्चा पाउन थालेको बताइन्छ । मन्दिर व्यवस्थापन समितिको स्थापना भने विसं २०५३ मा आएर मात्रै भएको थियो । हिक्मतबहादुर कुँवरको नेतृत्वमा प्रथम व्यवस्थापन समिति बनेको थियो। तालको किनारबाट पाँच मिनेटभित्रै डुङ्गा चढेर बाराही मन्दिरसम्म पुग्न सकिन्छ। प्राकृतिक मनोरम दृश्यले यहाँ पुग्ने जो कोहीलाई आनन्दित तुल्याउनाका साथै तालबाराहीको दर्शन गरेपछि चिताएको पुग्ने धार्मिक विश्वासले पनि सबैलाई आकर्षित गरेको छ।

कूल तीन रोपनी आठ आना दुई दाम क्षेत्रफलमा फैलिएको यस मन्दिरको संरक्षण एवं पूर्वाधार विकासमा तालबाराही मन्दिर संरक्षण/गुठी व्यवस्थापन समिति क्रियाशील रहँदै आएको छ । तालको बीचमा मन्दिर अवस्थित छ भन्ने सुनेर पनि टाढाटाढाबाट दर्शनार्थी फेवाताल आउने गरेको जानकारी पोखरा-६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराईले बताउनुभयो। तालमा देखिने माछापुच्छे हिमालको छायाँ र मन्दिर परिसरबाट देखिने हिमाली शृङ्खला, सराङकोट, विश्व शान्ति स्तूपजस्ता सम्पदाले पर्यटकलाई लोभ्याउने गरेको उहाँले सुनाउनुभयो। मन्दिर गुठीका नाउँमा खेत र केही रोपनी जङ्गलसमेत रहेको छ।

# मित्रता बहुउद्देयीय सहकारीको प्रथम साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २५ मंसिर

मित्रता बहुउद्धेश्यीय सहकारी संस्थाको प्रथम साधारण सभा सम्पन्न भएको छ। पोखरामै पहिलो पटक युवाहरुद्धारा सञ्चालित सहकारीको उद्घाटन गर्दै पोखरा महानगरपालिका सहकारी संघका अध्यक्ष बलराम गौतमले युवाहरुले आफ्नो ब्यवशाय संगै सहकारीलाई अगाडि वढाउनु आफैमा गर्वको कुरा भएको वताउदै सहकारीको मान्यतालाई आत्मसाथ गरी अगाडि वढ्न आग्रह गरे।

पछिल्लो समय सहकारीहरुमा बिकृति मौलाउदै गइरहेको सन्दर्भमा त्यसप्रति मित्रता सहकारीले ध्यान पुर्याउन आवश्यक रहेको वताउदै गौतमले युवा ब्यवशायीहरुलाई सहकारीमा आवद्ध गर्न सके सहकारी अगाडि वढ्न सक्ने धारणा ब्यक्त गरे।

संस्थाका उपाध्यक्ष पूर्ण कुमार श्रेष्ठले पोखरामा पहिलोपटक युवाहरुद्धारा सञ्चालित सहकारी रहेको वताउदै पोखराका सवै युवा सदस्यहरुको साथ सहयोग पाएको खण्डमा पोखरामा नमुना सहकारीको रुपमा स्थापित हुने वताए। संस्थाका अध्यक्ष जयन्ती मोक्तानले सहकारी स्थापनाको उद्धेश्य सहकारी दर्ता गर्दाबखतको संघर्ष र अगामी कार्यक्रम योजना बजारमा देखिएको आर्थिक समस्यामा मित्रतामा त्यस्तो समस्या नरहेको र अगामी दिनमा पनि समस्या नरहने जानकारी गराउदै सहकारीको सांगठनिक व्यवस्था प्रविधि मैत्री सेवामा बिस्तार, व्यवसायीक प्रतिष्ठानहरु संगको सहकार्य रिक्त पद पूर्तिको लागि सभामा पेश तथा अनुमोदनको लागि विभिन्न बुदाहरु पेश गरेकी थिइन।

कार्यक्रममा सहकारीका सचिव नबिन श्रेष्ठले सचिवको प्रतिवेदन कोषाध्यक्ष बुद्धि राज भट्टराईले कोषाध्यक्षको प्रतिवेदन पेस गरेमन थिएभने लेखा सुपरिवेक्षण समितिको संयोजक रुद्र गिरीले लेखाको प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रमा बाल बचत र कोपिला बचत बाल बाललिकाहरुको लागि शिक्षामा अग्रसरहोस भन्ने हेतुले १ सय ५० जना बाल बालिकालाई स्टेशनरी सामाग्री बितरण गरीएको थियो। विभिन्न बिधामा बर्षको बार्षिक उत्कृष्टलाई नगद तथा प्रमान प्रत्रबाट सम्मा गरीको थियो।

सहकारीको बर्ष उत्कष्ट कर्मचारी किरण पुनलाई नगद तीन हजार र प्रमाण पत्र, बर्ष उत्कृष्ट बाल बचत सज्जु त्रिपाठी लाई नगद ६ हजार र प्रमाणपत्र, वर्ष उत्कृष्ट कोपिला बचत सनिश श्रेष्ठलाई नगद ६ हजार र प्रमाणपत्र, वर्ष उत्कृष्ट बचतकर्ता रोजेन्द्र प्रसाद पोखल, विष्णुकुमारी श्रेष्ठ, लक्ष्मी प्रसाद श्रेष्ठ, दुर्गा श्याम, विष्णु कुमार श्रेष्ठ, बसन्त कुमार श्रेष्ठ र उत्र श्रेष्ठलाई प्रमाण प्रत्र खादा सहित सम्मान गरिएको थियो। त्यसैगरी बर्ष उत्कृष्ट शेयर सदस्य ईन प्रसाद घर्ती, जुन कुमार श्रेष्ठ, श्रावण कुमार जैसवाललाई प्रमाण प्रत्र खादा सहित सम्मान गरिएको थियोभने बर्ष उत्कृष्ट नारी बचत कमला श्रेष्ठ प्रमाण प्रत्र खादा सहित सम्मान, बर्ष उत्कृष्ट ऋणी सदस्य श्रीराम अधिकारी, भिम कुमारी गुरुङ, ओम बहादुर कामी, जय प्रकाश लामा प्रमाण प्रत्र खादा सहित सम्मान र बर्ष उत्कृष्ट उपसमिति चन्द्र वती श्रेष्ठलाई प्रमाण प्रत्र र खादा सहित सम्मान गरीएको थियो । सल्लाहकारको तर्फबाट सल्लाहकार राजु श्रेष्ठ र बिनोद दुङ्गानाले शुभकामना मन्तव्य राखेका थिएभने सभाबाट संचालक समितिमा रहेको रिक्त पदमा बबिता के सि कार्की र कृष्ण के सि लाई सर्वसम्मत चयन गरीएको थियो । बन्द सत्रबाट अध्यक्ष सचिव र कोषाध्यक्षको प्रतिवेदन माथि छलफल गरी पास गरीएको थियो।

# अन्तर्राष्ट्रिय पर्वतीय वर्ष समारोहको समापन

रासस
काठमाडौं, २५ मंसिर

नेपालले मनाइरहेको अन्तर र्राष्ट्रिय पर्वतीय वर्ष समारोहको समापन गरिएको छ। संयुक्त राष्ट्र सङ्घले सन् २०२२ लाई अन्तर र्राष्ट्रिय दिगो पर्वतीय विकास वर्ष घोषणा गरेको थियो । त्यसैगरी हरेक वर्ष डिसेम्बर ११ मा विश्व भरी अन्तर्राष्ट्रिय पर्वतीय दिवस मनाउने गरिन्छ।

नेपालले अन्तर्राष्ट्रिय दिगो पर्वतीय विकास वर्षलाई विभिन्न कार्यक्रम आयोजना गरी मनाएको छ। वर्षभरि नै पर्वतीय अर्थतन्त्र, पर्वतीय संस्कृति, पर्वतीय जैविक विविधता, पर्वतीय महिला, पर्वत-समथर अन्तरसम्बध र पर्वतीय जलवायु परिवर्तन गरी विभिन्न कार्यक्रमहरू आयोजना गरिएको थियो । समापनका अवसरमा वन तथा वातावरण मन्त्रालयले आइतबार यहाँ आयोजना गरेको अन्तरक्रिया गोष्ठीमा अन्तर्राष्ट्रिय पर्वतीय दिवसका उपलक्ष्यमा आयोजित दिगो पर्वतीय समाधानका लागि महिला विषयक अन्तरक्रिया गोष्ठीसमेत आयोजना गरिएको थियो। अन्तर र्राष्ट्रिय पर्वतीय वर्ष मनाउने क्रम गत वर्ष चैत ९ र १० गते काठमाडौँमा दिगो पर्वतीय समाधानका लागि क्षेत्रीय नीति संवाद कार्यक्रम आयोजना गरी पर्वतीय वर्ष कार्यक्रमको उद्घाटन गरिएको थियो । त्यसैगरी गत साउन ६ गते काठमाडौँमै सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका प्रमुख सचेतक र सबै संसदीय समितिका सभापतिहरूसँग नेपालका पर्वतीय मुद्दाहरूका सन्दर्भमा अन्तरक्रिया गरिएको थियो। गत भदौ १७ गते काठमाडौँमै नेपालका विभिन्न मुलुकका आवासीय राजदूत, दातृ निकायका प्रतिनिधि र विकास साझेदारका प्रमुखहरूसँग नेपालको पर्वतीय महत्व र यसका समस्याका बारेमा छलफल आयोजना गरिएको थियो।

यसैगरी पर्वतीय वर्ष कार्यक्रम मनाउने सिलसिलामै गत असोज ५ र ६ गते मुस्ताङमा दिगो पर्वतीय समाधानका लागि अन्तर्राष्ट्रिय मुस्ताङ सम्मेलनको आयोजना गरिएको थियो । मुस्ताङ सम्मेलनबाट दिगो पर्वतीय समाधानका लागि मुस्ताङ घोषणापत्रसमेत जारी गरिएको थियो। उक्त घोषणापत्रको सन्देशलाई असोज १० देखि १३ गतेसम्म संयुक्त राज्य अमेरिकाको कोलोराडोमा आयोजित अन्तर र्राष्ट्रिय पर्वतीय साझेदारीको छैटौँ अन्तर्राष्ट्रिय बैठक र गत कात्तिक २० देखि यही मङ्सिर २ गतेसम्म इजिप्टमा भएको जलवायु सम्मेलनमा नेपालका तर्फबाट प्रस्तुत गरिएको थियो।

# विद्यार्थी सुन्तला बगैँचामा, विद्यालय खाली

–पूर्ण विके
तनहुँ, २५ मंसिर

व्यास नगरपालिका ११ राम्चेकी १० वर्षीया सोनिका चेपाङ स्थानीय सूर्योदय प्राथमिक विद्यालयको कक्षा ३ मा पढ्नुहुन्छ । तर अहिले सोनिकालाई विद्यालयमा भेट्न सकिदैन । उहाँलाई आजभोलि सुन्तला बगैँचामा मात्र भेट्न सकिन्छ । आमासँगै घर नजिकैको बगैँचामा सुन्तला टिप्न जाने गर्दा सोनिका विद्यालय जान नपाउनुभएको हो। स्थानीय सूर्योदय प्राथमिक विद्यालयमा पढ्ने चेपाङ समुदायका करिब १९/२० विद्यार्थी आजभोलि विद्यालयमा नभइ सुन्तला बगैँचामा भेटिन्छन्।

प ा र ि म भ क बालविकासदेखि कक्षा ३ सम्म अध्ययन हुने विद्यालयमा पढ्ने चेपाङ समूदायका विद्यार्थी घरको काम धन्दा आफैं गर्नुपर्ने भएकोले विद्यालयमा आउँदैनन्। बुबा मजदूरी गर्न र आमा सुन्तला टिप्न हिँडेपछि घरमा खाना पकाउने र बालबालिका हेर्नुपर्दा आफूहरु विद्यालय जान नपाएको कक्षा ३ मा अध्ययनरत १० वर्षीय सुनिल चेपाङले बताउनुभयो।

“बा काम गर्न गए, आमा सुन्तला टिप्न”, ढिला गरी विद्यालय पुगेका सुनिलले भन्नुभयो, “भात पकाउने काम गर्नु पर्दा स्कुल आउन ढिला हुन्छ । आमासँगै सुन्तला टिप्न गएको बेला त स्कुल आउनै पाइदैन ।” आमासँगै आफू पनि सुन्तला टिप्न जादाँ दिनको रु दुई सय पारिश्रमिक पाउने गरेको सुनिलले बताउनुभयो। आमा सुन्तला टिप्न गएको दिन आफूहरुले नै घरमा दाउरा चिर्ने, खाना पकाउने, सिस्नो टिप्ने काम गर्नुपर्दा विद्यालय आउन नपाइने कक्षा ३ का अर्का विद्यार्थी विराज चेपाङले बताउनुभयो। “बा काममा जाँदा भाइबहिनी हेर्ने काम गर्नुपर्छ”, उहाँले भन्नुभयो, “आमा आज सुन्तला टिप्न गयो, सिस्नो टिपेर भात पकाएर खाँदा स्कुल आउन ढिलो हुन्छ ।” स्थानीय तनहुँसुर र छापमा रहेका करिब एक दर्जन सुन्तला बगैँचामा राम्चेका चेपाङ महिलाले प्रत्येक वर्ष सुन्तला टिप्ने काम गर्छन् । आफूहरु सुन्तला टिप्न जाँदा प्रायः काखमा रहेका बच्चा हेर्न र सुन्तला टिप्नसमेत छोराछोरी समेत जाने गरेको व्यास ११ राम्चेकी मनमाया चेपाङले बताउनुभयो । “सुन्तला टिप्न जाँदा छोराछोरी पनि सँगै लैजानुपर्छ”, मनमायाले भन्नुभयो, “साना भाइबहिनी हेर्न अरु छोराछोरी लैजानुपर्छ। सुन्तला टिप्ने मौसममा त्यसो नगरी हुँदैन । त्यसपछि त छोराछोरी स्कुल पठाइहाल्छौँ ।” स्थानीय चेपाङ समुदायका राम्चे र ओढारेका करिब ३१ घरमध्ये राम्चेका- नौ घरका २८ चेपाङ विद्यार्थी उक्त विद्यालयमा अध्ययन गर्छन। सुन्तला टिप्न आउँदा चेपाङ महिलाले प्राय : काखमा रहेको बालबालिका खेलाउन अन्य सन्तान पनि साथमै लिएर आउने गरेको व्यास ९ छापका सुन्तला किसान मनबहादुर विक बताउनुहुन्छ । बगैँचामा रहेको दुई सय ५० बोटका सुन्तला टिप्ने कार्यमा व्यास ११ राम्चेका चेपाङ महिला नै मजदूरीमा लगाउँदै आएको विकले जानकारी दिनुभयो । आफूहरुले बालबालिकालाई काममा नलगाई विद्यालय पठाउन भन्ने गरेपछि चेपाङ महिलाहरुले सुन्तला टिप्ने समय सकिएपछि मात्र विद्यालय पठाउने भन्ने गरेको विकको भनाइछ। चेपाङ समुदायमा श्रीमान् बिहानै मजदूरीमा निस्कने र आमा सुन्तला टिप्न जाने गर्दा मङ्सिर र पुस महिनामा विद्यालयमा नियमित १०/११ जना मात्रै आउने गरेको विद्यालयले जनाएको छ । सुन्तला टिप्ने समयमा प्राय आफूहरु भन्दा साना भाइबहिनी हेर्न र ठुलालाई सुन्तला टिप्नसमेत चेपाङ महिलाले सुन्तला बगैँचामा लैजाने चलन रहेको विद्यालयकी प्रधानाध्यापक रस्मी थापाले बताउनुभयो। “हामीले विद्यालय नै पठाउन छाडेर सुन्तला टिप्ने काममा छोराछोरी नलैजानुहोस् पटक-पटक भन्ने गरेका छौँ”, प्रधानाध्यापक थापाले भन्नुभयो, “तर सुन्तला टिपेपछि विद्यालयमा पठाइहाल्छौँ नि भनेर चेपाङ भन्ने गर्नुहुन्छ ।” सुन्तला टिप्ने समय मङ्सिर र पुस महिना भएकोले यो दुई महिना विद्यालयमा उपस्थित नहुने विद्यार्थीका लागि पुनः पाठ दोहोऱ्याउनु पर्ने प्रधानाध्यापक थापाले बताउनुभयो। माघ लागेपछि अधिकांश विद्यार्थी नियमित हुने गरेपनि केही विद्यार्थी घरको काम सकेर ढिलो गरि विद्यालय आउँने गरेको उहाँले जानकारी दिनुभयो।

चेतनाको कमीले गर्दा ज्यालामजदूरी गरी जीविका चलाउँदै आएका स्थानीय चेपाङ समुदायले कामलाई नै पहिलो प्राथमिकतामा राख्दा विद्यार्थी नियमित नभएको विद्यालयले जनाएको छ । “बालबालिकालाई पढाउनै पर्छ भन्ने चेनताकोस्तर ज्यादै कम छ”, प्रधानाध्यापक थापाले भन्नुभयो। विसं २०५३ मा स्थापित उक्त विद्यालयमा बालबालिकालाई पढाउनपर्छ भनेर आफूहरुले विभिन्न कार्यक्रम र छलफल गरेपनि चेपाङ अभिभावकलाई बुझाउन कठिनाई भएको विद्यालयले जनाएको छ।

# गाउँमै प्रयोगशाला सञ्चालन भएपछि सहज

पोखरापत्र संवाददाता
दमौली, २५ मंसिर

तनहुँको भिमाद नगरपालिका-९ भानुमतिमा स्वास्थ्य परक्षिणका लागि प्रयोगशाला स्थापना भएपछि सहज भएको छ । प्रयोगशाला सञ्चालनमा आएपछि मधुमेह लगायतको परीक्षणका लागि भिमाद बजार झर्नुपर्ने बाध्यता हटेको छ।

भिमाद नगरपालिका-९ रिठाभञ्ज्याङस्थित आधार भूत स्वास्थ्य सेवा केन्द्रमा प्रयोगशाला सञ्चालनका लागि वडा कार्यालयले रु तीन लाख ५० हजार लगानी गरेको वडा सदस्य शिवकुमार आलेले जानकारी दिनुभयो । “मधुमेह परीक्षणका लागि पनि बजारसम्म पुग्नुपर्ने बाध्यता थियो,” उहाँले भन्नुभयो, “प्रयोगशाला सञ्चालनमा आएपछि सहज भएको छ ।” उहाँका अनुसार पहिले बजारसम्म पुगेर मधुमेह परीक्षण गर्दा पाँच सयभन्दा बढी खर्च हुन्थ्यो भने अब स्थानीय स्तरमै रु एक सयमै हुने भएको छ। गाउँका जनतालाई सामान्य परीक्षणका लागि बजार झर्न नपरोस् भनेर प्रयोगशाला सञ्चालनमा ल्याइएको निवर्तमान वडाध्यक्ष इमानबहादुर थापाले बताउनुभयो । स्वास्थ्य केन्द्रमा ल्याव असिस्टेन्ट, अनमी, अहब, एचए र एकजना कार्यालय सहयोगी राखिएको छ । गाउँमै प्रयोगशाला सञ्चालनमा आएपछि यहाँका स्थानीय खुसी भएका छन्। सामान्य परीक्षणका लागि पनि बजार झर्नुपर्ने अवस्थाको अन्त्य भएको भिमाद-९ का श्रीमाया आलेले बताउनुभयो।